नेपाल सरकार

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

कर्मचारी कल्याण शाखा

## प्रतिभा डवली कार्यक्रममा ईनोभेटिभ आइडिया पेश गर्ने सम्बन्धी सूचना

*सूचना प्रकाशन मिति २०७९।१२/०१*

संघ, प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीमा रहेको प्रतिभाको उजागर गर्न यस मन्त्रालयबाट स्वीकृत **प्रतिभा डबली कार्यक्रम सञ्चालन कार्यविधि, २०७९** बमोजिम प्रतिभा डबली (Talent Forum) कार्यक्रम सञ्चालन गरिने भएकोले इच्छुक कर्मचारीहरुले आफूमा रहेको नवीन सोंच/ईनोभेटिभ आइडियालाई तपशिल बमोजिमको अनलाइन प्रणालीको माध्यमबाट मात्र उपलब्ध गराउनु हुन सूचित गरिन्छ । यस सम्बन्धी थप जानकारीका लागि www.mofaga.gov.np वा talenthunt.mofaga.gov.np मा रहेको **"प्रतिभा डबली कार्यक्रम सञ्चालन कार्यविधि, २०७९"** हेर्न सक्नुहुनेछ ।

नवीन सोच/इनोभेटिभ आइडिया पेश गर्नु पर्ने समयावधिः सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र ।

अनलाइन पेश गर्ने वेवसाइट ठेगाना : talenthunt.mofaga.gov.np

पुनश्च:

(१) नवीन सोच/इनोभेटिभ आइडिया पेश गरी शीर्ष १० मा छनौट हुने स्थान प्राप्त गर्ने प्रतियोगीले प्रत्यक्ष प्रस्तुतीकरण समेत गर्नुपर्नेछ र सो कार्यक्रमको टेलिभिजनमार्फत समेत प्रशारण हुने व्यवस्था मिलाइनेछ ।

(२) प्रतिस्पर्धाबाट छनोट भएका प्रथम, द्वितीय र तृतीय स्थान प्राप्त गर्ने प्रतियोगीलाई सम्मान तथा तोकिएको पुरस्कार प्रदान गरिनेछ ।

(३) मन्त्रालयले उपयुक्त ठहरिएका नवीनसोच/इनोभेटिभ आइडियाहरुलाई राष्ट्रसेवामा उपयोग गर्ने गरी आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

(४) अनलाईन मार्फत नवीन सोच/इनोभेटिभ आइडिया पेश गर्न talenthunt.mofaga.gov.np मा गई सर्वप्रथम आफ्नो खाता बनाउनु पर्नेछ । आफ्नो खाता बनाउन कर्मचारी संकेत नम्बर भएका कर्मचारीले **"म सँग कर्मचारी संकेत नम्बर छ"** भन्ने Tab मा र संकेत नम्बर नभएका कर्मचारीले **"म सँग कर्मचारी संकेत नम्बर छैन"** भन्ने Tab मार्फत आफ्नो विवरण भरि user name र password entry गरी आफ्नो mobile नं. मा भेरिफिकेशन कोड प्राप्त गर्नुपर्नेछ र सोही आधारमा फारम भरी आफ्नो नवीन सोच/इनोभेटिभ आईडिया पेश गर्नु पर्नेछ ।

(५) नवीन सोच/इनोभेटिभ आइडियाको अनलाइन प्रणाली मार्फत प्रस्ताव पेश गर्ने तरिका (User guidelines) talenthunt.mofaga.gov.np मा समेत हेर्न सकिनेछ ।

(६) एकपटक अनलाईन मार्फत प्रस्ताव पेश भई submission नम्बर प्राप्त भइ सके पश्चात पुन: सच्याउन मिल्ने छैन ।

(७) प्रतियोगीले आफ्नो प्रस्ताव पेश गर्ने क्रममा अडियो/भिडियो कपी समेत upload गर्नु पर्नेछ र सो अडियो/भिडियोमा आफ्नो परिचय खुल्ने कुनै किसिमको सामग्री राख्न पाइने छैन ।

थप जानकारीका लागि यस शाखाको फोन नं ०१४२००३०९ वा शाखा अधिकृत श्री हरिनारायण शर्मालाई ९८५११६८६४८ मा सम्पर्क गर्न सकिनेछ ।

नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाडौं

२०७९/१२/०१

प्रतिभा डवली कार्यक्रमको लागि ईनोभेटिभ आइडिया सम्बन्धी प्रस्ताव माग गरिएको सम्बन्धी जानकारी।

१) पृष्ठभूमि :

- संघ प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीमा अन्तर्निहित प्रतिभाको प्रस्फुटन गराउने एक साझा फोरमको व्यवस्था भएको ।
- कर्मचारीको व्यक्तित्व विकास गराई सार्वजनिक सरोकारका विषयमा नवीन सोच/इनोभेटिभ आइडियाको पहिचान र उपयोग गर्ने उद्देश्य रहेको।
- विनियोजन ऐन, २०७९ को दफा ९(२) बमोजिम सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले **"प्रतिभा डवली कार्यक्रम सञ्चालन कार्यविधि, २०७९"** बनाएको ।
- गत आवमा मन्त्रालयले मार्गदर्शनद्वारा आइडिया स्टूडियो नेपालको प्राविधिक सहयोगमा सञ्चालन गरी शुरु गरिएको कार्यक्रम चालु आवमा कार्यविधि ल्याई थप व्यवस्थित र संस्थागत गर्ने प्रयास गरिएको ।
- गत आवमा चारवटा आइडिया छनोट भै पुरस्कृत भएकोमा ती आइडियाको कार्यान्वयन सम्भावनावारे अध्ययन भैरहेको ।

**२) निर्देशन समिति कार्यान्वयन समिति र सचिवालयको व्यवस्था :**

**३) प्रस्ताव सम्बन्धी व्यवस्था : सूचना संलग्न छ ।**

**४) मूल्यांकन सम्बन्धी व्यवस्था : प्राप्त प्रस्तावहरुको आवश्यक छानवीन गरी प्रारम्भिक सूची तयारी सचिवालयले गर्ने ।**

क) **प्रारम्भिक मूल्यांकन गर्ने** : रोष्टरबाट गठित ३ सदस्यीय मूल्यांकन समितिद्वारा प्रारम्भिक सूचीबाट आवश्यकतानुसार भर्चुअल प्रस्तुतीकरण गराइ मूल्यांकन समितिबाट प्रस्ताव र प्राप्त अडियो भिडियो अध्ययन गरी मूल्यांकन गर्ने । ३० मा झार्ने ।

ख) **संक्षिप्त सूची तयारी मूल्यांकन समिति** : रोष्टरबाट गठित ३ सदस्यीय मूल्यांकन समितिद्वारा प्रथम ३० प्रस्तावको आवश्यकतानुसार भर्चुअल प्रस्तुतीकरणसमेत गराई प्रथम १० को संक्षिप्त सूची तयारी गर्ने ।

**संक्षिप्त सूची तयार गर्ने मूल्यांकनका आधारहरु :**

(क) नवीन सोच/इनोभेटिभ आइडियामा नवप्रवर्तनीयता र सृजनशीलताको अवस्था,

(ख) नवीन सोच/इनोभेटिभ आइडिया विद्यमान अवस्थामा अवलम्बन गरिएको अभ्यासभन्दा फरक वा नवीन भएको अवस्था,

(ग) सोचको मौलिकता र कार्यान्वयनयोग्य रहेको सुनिश्चितता,

(घ) सोचको स्पष्टता र सकारात्मकताको अवस्था,

(ङ) प्रस्तुतीकरणको समय पालना,

(च) सार्वजनिक सरोकारका समस्या वा मुद्दा सम्बोधनमा केन्द्रित,

(छ) सार्वजनिक नीति तर्जुमा तथा कार्यान्वयनमा सहयोगी,

(ज) सरल, मितव्ययी र प्रभावकारी सेवा प्रवाहको उपाय समावेश भए नभएको,

(झ) विकास निर्माणमा नवीन दृष्टिकोण समावेश भए नभएको,

(ज) कार्यान्वयनमा जोखिम र न्यूनीकरणको अवस्था,

(झ) समग्र सार्वजनिक प्रशासनको रुपान्तरणमा उपयोगी हुने नहुने ।

ग) **अन्तिम मूल्यांकन समिति :** नेपाल सरकारको विशिष्ट श्रेणीको सचिवको नेतृत्वमा तीन सदस्यीय अन्तिम मूल्यांकन समितिद्वारा प्रत्यक्ष प्रस्तुतीकरण गराइ प्रथम ३ को छनोट गर्ने ।

**अन्तिम सूची तयार गर्ने मूल्याङ्कनका आधारहरु :**

(क) नवीन सोच/इनोभेटिभ आइडियाको आधार, गहनता र स्पष्टता,

(ख) बिषयवस्तुको प्रस्तुति,

(ग) मूल्याङ्कनकर्ताको जिज्ञासा सम्वोधन,

(घ) कार्यान्वयन कार्ययोजना (क्रियाकलाप, समय, लागत, समन्वय र जोखिम),

(ङ) प्रस्तुतीकरणको समय पालना,

५) **बन्द प्रशिक्षण (इन्क्युवेसन तालिम) सञ्चालन :** संक्षिप्त सूचीमा पर्न सफल उत्कृष्ट दस जनालाई बन्द प्रशिक्षण सञ्चालन गरिने।

६) **अन्तिम प्रस्तुति :** प्रत्यक्ष प्रशारण

७) **अन्तिम सूची प्रकाशन र पुरस्कार सम्बन्धी व्यवस्था :** अन्तिम मूल्याङ्कन समितिबाट उत्कृष्ट प्रथम, द्वितीय र तृतीय स्थान प्राप्त गर्ने आइडियटरको घोषणा नगद पुरस्कार र सम्मानपत्र प्रदान गर्ने ।

८) **आवेदनदेखि अन्तिम नतिजा प्रकाशन सफ्टवेयरमार्फत् गर्ने:** यस कार्यविधि बमोजिमको नवीन सोच/इनोभेटिभ आइडियाको प्रथम चरणको छनौटदेखि अन्तिम नतिजा प्रकाशनसम्मको कार्य सफ्टवेयर प्रणालीबाट गरिने ।